माननीय सामाजिक विकास मन्त्री ज्यू

सामाजिक विकास मन्त्रालय

प्रदेश नं ५, बुटवल

**विषय : ध्यानाकर्षणपत्र संम्बन्धमा**

चिनको वुहान राज्यवाट फैलिएको कोभिड १९ संक्रमण विश्वभर फैलिएको अवस्थामा नेपाल पनि यसवाट अछुतो हुन सकेन । त्यति मात्र होइन हालको अवस्थामा समुदायस्तरमा भयाभह अवस्थामा यसको संक्रमण फैलिन थालेको अवस्था छ । नेपालमा २०७७।०५।०२ गते मात्र झण्डै ११ सय नागरिकमा कोरोना संक्रमण पुष्टि भएको छ । यसरी भूसको आगो भै फैलिएको कोरोना भारइरस विरुद्ध लड्नका लगि मानवीय सचेतना सवैभन्दा महत्वपूर्ण हुन्छ । वन्दावन्दी लगाएतका सावधानीका उपाए अवलम्वन गर्दा गर्दै पनि दुखका साथ कोरोना भाइरस समुदायमा फैलिएको नकार्न सक्ने स्थिति भएन । संक्रमणको अवस्था हाम्रो प्रदेश नं ५ मा पनि डललाग्दो हिसावले वढेको देखिएको छ । यसको रोकथाम र नियन्त्रण हामी सवै नागरिक र सरकारको सहकार्यमा मात्र संभव छ ।

प्राकृतिक बिपत्ति, संक्रमण वा बिपतको समयमा सवै भन्दा जोखीम बर्ग महिला र बालबालिका रहेको र यो वर्गलाई विशेष प्राथमिकतामा राखेर कोभिडको व्यावस्थापन गर्नु पर्ने कुरामा विश्व स्वास्थ्य संगठनले जोड लिई रहेको छ । कोभिडको यस महामारीको अवस्थामा पनि महिला र बालबालिकाको सुरक्षा आकस्मीक सेवा भित्र राख्नका लागि विश्व स्वास्थ्य संगठन र मानवअधिकार सम्बन्धि विश्वब्यापी घोषणा पत्र, नेपालको संबिधान, ऐन कानून सवैमा उल्लेख र ब्यवस्था हुदा हुँदै पनि यस अवस्थामा महिला र वालवालिकाको उचित हेरचाहा, उपचार र आकस्मीक कक्षको विशेष ब्यवस्था गर्नमा सरकार चुकेको हाम्रो ठहर छ ।

लैगित समानता आफैमा दिगो विकास लक्ष्य मध्येको एक लक्ष्य हो, तर यसको साथसाथै लैगिंक समानता, गरिबि घटनाउन, दिगो विकास लक्ष्य पूरा गर्न र विश्वमा सुशासन कायम गर्नका लागि पुर्व सर्त पनि हो । लैगिंक समानताको सुनिश्चित नभई उल्लेख गरीएका कुनैपनि चुनौतिहरुको सामाना गर्न सकिदैन । त्यसैले लैगिंक समानताको मूलप्रवाहिकरण जरुरी छ । मूलप्रवाहिकरण सम्भव छ, यो गाह्रो विषय पनि हैन । यसका लागि खालि इच्छाशक्ति, सम्वेदनशिलता, सिप, र श्रोतको खाँचो छ ।

Scanned with CamScanner

कोरोना संक्रमण नेपालमा ५ महिना अगाडि देखि भएको हो । लकडाउनको अवस्थामा यसको थप तयारीका लागि प्रसस्त समय थियो । चुस्त दुरुस्त ब्यावस्थापन गर्न सक्ने अवस्था थियो । तर यस मामलामा हाम्रो प्रदेश सरकार चुकेको अवस्था देखियो । संक्रमणको दर उच्च देखिदै जाँदा यति छिट्टै जनसमुदायवाट गुनासा आउन थाल्नु पक्कै पनि सरकारका लागि सकारात्मक संकेत होइन ।

प्रदेश र स्थानीय सरकारको सहकार्यमा बुटवल, वाँके,दाङ लगाएतका स्थानमा अस्थायी कोरोना विशेष अस्पतालको ब्यावस्थापन गरिएको थियो । बिभिन्न स्थानमा आइसोलेसन सेन्टर र थुप्रै क्वारेनटीनहरुको ब्यावस्था गरियो । तर महिला र वालवालिकाका विशेष अवस्था प्रति हाम्रो विश्वासको धरोहर प्रदेश सरकारको संबेदनशीलता नदेखिदा गर्भमा हुर्केका शिशुको सकुसल जन्म, गर्भवती र सुत्केरी महिलाका लागि सुरक्षित र सुविधायुक्त छुट्टै उपचारकक्ष वा अस्पतालको ब्यावस्था आज महामारी भएको ५ महिना विति सक्दा पनि व्यवस्थापन हुँदै छ भन्नु पनि लज्जास्पद कुरा हो ।

विभिन्न प्राकृतिक र मानवीय विपतका समयमा सवैभन्दा जोखिममा महिला र वालवालिका रहेको कुरा कसैले नकार्न सकिदैन । त्यस भित्र पनि गर्भवती ,सुत्केरी र नवजात शिसुको अवस्था थप जोखिम हुन्छ । प्रदेस नं ५ को राजधानी बुटवलमा रहेको लुम्बिनी प्रादेशिक अस्पतालमा २०७५।०७६ मा मात्र १०४१२ जना महिलाहरुले सुत्केरी सेवा लिएका थिए भने आर्थीक बर्ष २०७६।०७७ मा ११४९३ जना महिलाले सुत्केरी सेवा लिए । यसरी सरदरमा हेर्दा झण्डै एक हजार जना महिलाले मासिक सुत्केर सेवा लिन्छन् । यसरी कोभिड संक्रमणको यो ५ महिनामा मात्र झण्डै ४ हजार वढी महिलाले सुत्केरी सेवा लिएको देखिन्छ । यो त एउटा अस्पतालको तथ्याङ्क हो । अरु स्थानीय स्वास्थ्य चौकी, नीजी अस्पताल, सामुदायीक अस्पतालवाट सेवा लिने हजारौं गर्भवती, सुत्केरी र नवजात शिसुहरुको अवस्था कति चुनौति र जोखिमपूर्ण भए होला यो विपयमा प्रदेश सरकार यसको ब्यवस्थापनमा नदेखिनुले महिला र बालबालिकामाथि ध्यानै नपुगेको प्रति हामी विभिन्न तह र तप्कामा रही सामाजिक न्यायका लागि क्रियाशील हामीलाहरुलाई गम्भीर चोट पुऱ्याएको छ । यसतर्फ हामी सरकारको ध्यानाकर्षण गराउँदछौं ।

नेपालको संविधानको धारा १८ ले हरेक नागरिकलाई समानताको हक प्रदान गरेको छ । धारा १६ को उपधारा १ ले हरेक व्यक्तिलाई सम्मानपुर्वक बाँच्नपाउने हक प्रदान गर्दछ । धारा ३५ को उपधारा १मा प्रत्येक नागरिकलाई राज्यवाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवावाट वञ्चित गरिने छैन । उपधारा २ मा प्रत्येक ब्याक्तिलाई आफ्नो स्वास्थ्य उपचारको संम्वन्धमा जानकारी पाउने हक हुनेछ । त्यस्तै उपधारा ३ मा प्रत्येक नागरिकको स्वास्थ्य सेवामा समान पहुँच हुनेछ भनि ब्यवस्था गरेको छ । त्यसैगरी महिलाको हक सम्वन्धि उल्लेख गरिएको धारा ३८ को (२) मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य संम्बन्धि हक हुनेछ भनि ब्यवस्था गरिएको छ । उपधारा ३ मा महिलालाई शिक्षा, स्वाथ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भनि उल्लेख गरिएको छ । साथै महामारीको बेला

Scanned with CamScanner

यौन तथा प्रजनन् स्वास्थ्य अति आवश्यक सेवाको रुपमा रहेकोले यो संग सम्बन्धित संम्पूण सेवामा केहि पनि अवरोध नआउने नेपाल सरकारले प्रतिबद्धता पनि जनाएको थियो ।

तर भनिन्छ, कानून र नीति बनाएर मात्र परिवर्तन हुँदैन । नीतिगत तहमा व्यवस्था गरिएको परिवर्तन प्राप्त गर्नका लागि समुदायतह देखि उचित कार्यान्वयन गरिनु पर्दछ । अफशोचः पछिल्ला समय प्रदेशको राजधानी बुटवल स्वास्थ्य, शिक्षाका दृष्टिकोणले सक्षम मानीने बुटवलवाट कोभिड १९ संक्रमित महिलाहरुलाई अस्पतालले उपचार नगरि अन्तै नीजी अस्पतालमा जान सुझाएको विषयले हामी महिला अधिकारको क्षेत्रमा काम गर्नेहरुलाई दुख लागेको छ । जनताको लामो संघर्ष र बलिदानबाट प्राप्त भएको गणतन्त्र मजाक बनेको छ । यो अवस्थाले प्रमुख रुपमा समग्र महिला प्रभावित भएको स्थिति देखिएता पनि यसले राज्य आफ्नो नागरिकका लागि संविधानले दिएका अधिकारहरु सुनिश्चित गर्ने दायित्व निर्वाह गर्न असक्षम हुँदै गएको देखिएको छ । यसर्थ यस विपतको समयमा गर्भवती महिला, बालवालिका लगाएतका जोखिम वर्गका नागरिकलाई उचित उपचारको ब्यावस्था गर्नका लागि ध्यानआकर्षण गर्न चाहान्छौं ।

१. सवै अस्पताल र स्वास्थ्य चौकीहरुमा कोभिड संक्रमित गर्भवती महिला र बालबालिकाहरुलाई उपचारको व्यवस्था मिलाइयोस् ।

२. राजधानी जस्तो स्थानवाट किन महिलाहरुलाई अन्यन्त्रै उपचारको नाममा रिफर गरिन्छ यसको चित्त बुझ्दो जवाफ दिई स्पष्ट पारियोस् ।

३.उपचारको प्रवन्ध हुँदा हुँदै पनि कोभिड संक्रमित महिला भएकै कारण उपचार नगरिएको हो भने तुरुन्त छानवीन गरि कानूनको दायरामा ल्याइ कारवाही गरियोस् ।

४. कोभिड संक्रमित गर्भवती महिलाको तत्काल उपचार, अप्रेसन लगाएतका स्वास्थ्यसंग संम्वन्धित बिषयमा तत्कालै सुरक्षित उपचार कक्षको ब्यावस्था गरियोस् ।

५.महिला, बालबालिका, अपाङ्गता भएका ब्याक्ति र जेष्ठ नागरिकको सुरक्षित तबरवाट उपचारको ब्यावस्था गरियोस् । बालबालिकाको अप्रेसन गर्ने डाक्टर अभाव देखाउँदै कुनै पनि बालबालिकाहरुलाई नीजी अस्पताल वा क्लीकमा रिफर गर्ने कार्य तुरुन्त बन्द गरि आवश्यक डाक्टरको प्रबन्ध मिलाइयोस् ।

६. कोभिड संक्रमणको उच्च संक्रमण दर बढ्दै गएको अवस्थालाई ध्यानमा राखी महिला (विशेषगरि गर्भवती) वालवालिका ,अपाङ्गता भएका ब्याक्ति, दिर्घरोगी, जेष्ठ नागरिकहरुलार्य छिटो, छरितो सम्मानजनक रुपमा मनोविमर्श सहितको उपचार गरियोस् ।

७. यस प्रदेशमा पनि दुर्गम जिल्ला रहेको र सदरमुकाममा आउनका लागि सहज नभएकोले हवाई उद्धारको ब्यावस्था गरियोस् ।

Scanned with CamScanner

८. आइसोलेसन कक्ष लैंगिक मैत्री र बाल मैत्री बनाउन आवश्यक पहल गरियोस् ।

९ गर्भवती महिला र बालबालिकाको लागि टोल फ्री नंम्बर उपलब्ध गराएर सेवामा सहजता र पहुँच स्थापीत गर्ने कार्य गरियोस् ।

यसर्थ महिलाहरुको सम्मान, सुरक्षा र सहकार्य बिना देश सुरक्षित, सु-संस्कृत र सम्बृद्ध बन्न सक्दैन । यसका लागि महिलाप्रति रहेका र हुँदै आएका भेदभावपूर्ण सोच,व्यवहार र शैलीहरुमा परिवर्तन आवश्यक हुन्छ । यो तथ्यलाई आत्मसात गर्दै सरकार सक्षम छ नागरिक संगै छ , गम्भीर छ भन्ने प्रमाणित गरोस् भन्ने माग गर्दछौं ।

**महिला अधिकारकर्मीहरु**

शरीता भूषाल

समिता मल्ल

इन्दिरा आचार्य

सुस्मा अर्याल

सिता भट्टराई

अमृता अनमोल

सावित्रा घिमीरे

दुर्गा सापकोटा

शान्ति वि.क

प्रतिमा शर्मा

हेमा बेल्वासे

शरीता श्रीस

कल्पना तिवारी

सुमित्रा शर्मा

भगवती पाण्डे

इन्दिरा अर्याल

रीमा बि.सी

मिनाच्छी न्यौपाने

निरु गौतम

मिति २०७७०५।०४

Scanned with CamScanner